मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
प.सं. २०८०/८१
च.नं.
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः- २०८१-०१-२७)

यस मालिकार्जुन गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक (पाँचौ) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | २०-२०८०/०८१ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनभुवः-**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ ।

(ग) उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः-** मालिकार्जुन गाउँपालिकाको कार्यालय, शंकरपुर, दार्चुला, प्रशासन शाखा

**३. दरखास्त दिने अन्तिम मितिः-** २०८१/०२/१० गते कार्यालय समय भित्र

**४. आवेदनको दस्तुरः-** रु. ५००/-(पाँच सय मात्र) आवेदन दस्तुर स्वरुपको रकम माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको यस गाउँपालिकाको मालिकार्जुन गाउँपालिका ग १.१ आन्तरिक राजश्व खाता, खाता नं. ०८९००६७४४९६००११५ (राजश्व शिर्षकः ११. ११३९) मा जम्मा गरि सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।

**५. छनौटको किसिमः-**

(क) प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन,
(ख) लिखित परीक्षा,
(ग) प्रयोगात्मक परीक्षा,
(घ) अन्तर्वार्ता ।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| • नागरिकता | • तालिमको प्रमाणपत्र |
| • न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र | • अनुभव भए सोको कागजात |
| • चारित्रिक प्रमाणपत्र | • २ प्रति पासपोर्ट आकारको फोटो |

**७. सेवा सुविधा तथा अन्यः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्कग्रम वेवसाइट www.pmep.gov.np तथा मालिकार्जुन गाउँपालिका वेवसाइट www.malikarjunmun.gov.np बाट उपलब्ध हुनेछ ।

**नोटः-** दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

छनौट तथा पदपूर्ति समिति
नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत